# विश्व मानव समुदायको लागी धर्म संघ गुरुज्युको अमृतमय महा वाणी २०७३ ।

भाद्र १५, २०७४ (31.08.2017)




सर्वज्ञ परम पूज्यणीय 'महा सम्बोधि धर्म संघ' गुरुज्युबाट मिति २०७३ चैत्र ८ गते ललितपूर जिल्ला, कार्यविनायक न. पा. वडा नः १३ चुनिखेल बुगलमा सम्पन्न भएको विश्व शान्ति मैत्री पूजा महा दर्शन तथा अभिषेक कार्यक्रममा विश्व मानव समुदाएको लागी देशना भएको अमृतमय महा वाणी ।

धर्म संघ

बोधि श्रवण गुरु संघाय

महा मैत्री सर्वधर्म संघाय

शुद्ध चित्तको भावनालाई लिइ कल्पौ कल्पदेखि आफ्रो आसनमा धर्मको नीति–नियममा रहि पूर्ण निष्ठाका साथ समस्त संघ, धर्मप्रेमी र श्रद्धालु भक्तजन तथा अनुयायीलाई असङ्ख्य धर्मतत्त्वको बोध गराउँदै सर्वजगत प्राणी एवम् लोकको निमित्त यस संसारलाई प्रत्यक्ष रूपमा 'मैत्रीधर्म' तथा 'बोधिमार्ग दर्शन' गराउँदै आइरहेको छु ।

तथापि यस मानव लोकमा मनुष्य अर्थात सम्पूर्ण जगत प्राणी सत्यको समागममा विमुख भई सत्य मार्ग बिराएर

अन्देखा गरिरहेका छन् । जगतकै समस्त प्राणी सर्वधर्म एकमैत्री भाव तथा भेदभावरहित मनुष्यमा रहने अन्तरात्माको भौतिक क्लेश रूपी व्यवहारलाई त्याग गरि सद्धर्मको मार्ग निर्वाह गर्नु नै सत्य गुरुको मुख्य उद्देश्य हो । धर्म भनेको मुक्ति र मोक्षको मार्ग प्रदान गनेर् एउटा अदृश्य सत्य तथ्य तत्त्व हो । एवम् परमात्मा भगवान वा सर्वबन्धनबाट मुक्तिमोक्ष प्राप्त गर्नुभइसकेका गुरुहरू बस्नुभएको लोक अथवा गुरु हो । धर्मतत्त्व भनेको सत्य ज्ञानको बोध गराउनु तथा सत्य मार्ग खोज गरि सत्य मार्गमा लीन हुनु हो । धर्म ज्योति हो, जुन सर्वप्रकाशवान महा तेज छ । सर्वलोकदेखि ब्रáाण्ड धर्मतत्त्वमा अडेको छ । धर्म एउटा स्वार्थ पूर्तिको बाटो नभइ धर्म सर्वजगत प्राणीको उद्धारको निमित्त मुक्ति र मोक्षको एउटा मार्ग दर्शन हो । तथापि विश्वमा धर्म सदैव अक्षय हुनु नै सत्यतत्त्व हो ।

धर्मको संज्ञा दिई संसारलाई अप्रत्यक्ष रूपमा झुटो आश्वासन देखाएर सोही मार्गको ढोंग रची आफू स्वयम् भ्रममा रहेर सर्वजगतलाई भ्रममा राख्नु नै संसारलाई लोप तथा अनिष्ट मार्ग बोध गराउनु हो । यस लोकमा हामीभित्र रहेका क्लेशयुक्त पदार्थलाई परिशुद्ध गराइ सद्धर्मलाई ग्रहण गरि धर्मगामीको मार्गलाई आफू लगायत अरुलाई बोध गराउनु नै यस मानव लोकबाट मुक्तिमोक्ष प्रदान गर्नु हो ।

सद्धर्मलाई बोध गर्नको निम्ति समय सापेक्ष अघि बढ्नुपनेर् हुन्छ । तसर्थ कर्मफलको निम्ति हामी स्वयम् अर्थात आफैंमा निर्भर हुनुपर्छ । लोकको अर्थ नै सत्य र असत्य तथा पाप र पुण्य कर्मको फल हो । समय÷कालको अन्तराल पछि सद्धर्म र मार्ग दर्शन बिच कृतिम रूपी, सम्पूर्ण जगत प्राणी अज्ञानता पूर्ण संस्कारहरूलाई नै सद्धर्म मान्ने तथा परिशुद्ध मार्ग दर्शनको अनुभूतिलाई समेटी अज्ञानताको भुमरीमा भ्रमित भई यस तत्त्वहीन भौतिक संसारमा रुमलिरहेका छन् । विवश भई सत्मार्ग दर्शनको खोजमा भौंतारिरहेका छन् ।

परन्तु जगत प्राणीहरू 'मानव' स्वयम्ले त्यसलाई पूर्व काल देखि नै सद्धर्म एवम् परिशुद्ध मानी स्विकादेर् आएका छन् । जुन सत्यताको खोज सर्वमैत्री भाव गरि शाश्वत धर्म मार्गको नीति–नियम पालना गरेर गुरु प्रति असीमित आदरसम्मानको भावनाद्वारा मन वचनले विश्वासपूर्ण श्रद्धा, भक्ति र आस्थाबाट भावना गर्नुमा रहन्छ । यसैबाट अन्ततः धर्मको यथार्थ बोध हुनेछ ।

धर्म त्यो होइन जसले क्रोध, लोभ, मोह, स्वार्थ, शोषण, भेदभाव, आरोप, प्रत्यरोप, शंका र उपशंका जस्ता स्वभाव सृजना गर्छ । संसारलाई विनाश गनेर् मार्ग अपनाउछ । धर्म मात्र केवल मैत्री भाव तत्त्व र सत्कर्ममा रहन्छ । तसर्थ धर्ममा कुनै भेदभावको तत्त्व हुँदैन । आफू स्वयम् लगायत सर्वजगत प्राणीलाई दुःख प्रदान गनेर् तत्त्वहरू बोध गरेर विषको संज्ञा दिई अन्तरात्मा देखिनै क्षय गर्छ भने यो लोकमा मात्र नभइ परलोकमा पनि सुखी हुन्छ । धर्म एवम् मैत्री भाव स्थापीत गर्नको निमित्त मैत्री रस लिइ कर्मठ समागममा रहि आफू मात्र नभइ संसारलाई धर्मतत्त्वको बोध गराउनुपर्छ ।

अन्ततः संसारमा समय अनुकूल धर्म परिवर्तन भइरहेको छ । धर्ममा मार्ग नै मुख्य रहन्छ । मार्गविना मुक्तिमोक्ष अब

असम्भव छ । संसारबाट धर्मको विस्तार भएतापनि धर्मतत्त्व दुर्लभ छ । गुरुले धर्मलाई विरोध गरेको होइन । तर यस वर्तमान युगमा आएर संसारमा मनुष्य स्वयम् स्वार्थ पूर्तिको मार्ग रच्दै आएको कुनीतिहरूलाई सत्य मैत्रीधर्म मार्ग दर्शनको क्षण बोध गराएको मात्र हो । गुरुको रूप लौकिक वा अलौकिक रूपमा रहन्छ । संसारमा देखिने सत्य गुरुहरू नै परमात्मा गुरुको वास्तविक रूप हुन् । विश्वमा जुन धर्म गुरुहरू सद्धर्मको शासनमा रहन्छन् । उक्त धर्म गुरुहरू वास्तविक धर्मको नेतृत्वमा पर्दछन् ।

आफू असत्य बनेर सत्य तथ्यलाई अवलोकन गर्नु भनेको आफू स्वयम्लाई एक छलको प्रतिविम्ब मानिन्छ । भगवानमार्ग, मार्गगुरु, गुरुमार्ग र परमात्मा गुरुहरूले सत्य युग देखिनै वास गदैर्आएको यस ब्रáाण्डमा आत्मा स्वरूप मानव र समस्त वनस्पति तत्त्वरूपी भएतापनि मनुष्यको लोभ, अहङ्कार युक्त हिंसात्मक व्यवहारले अन्ततः संसारमा प्रलय आगमन भएकोछ । यस वर्तमान युगमा पनि सत्यतामा रहेर सद्धर्मको अनुसरण नगरी क्लिष्टता रूपमा रहेर अहङ्कार, लोभ, मोह, इर्ष्या, हिंसा र शोषण त्याग नगरे संसारमा फेरिपनि प्रलय निश्चित छ । अन्ततः धर्मलार्ई यो चुनौती पनि हो ।

सद्धर्म युग पछि प्राचीन कालमा औषधिको अभाव महामारीमा सम्पूर्ण मानव जाति रोगले विचलित भई व्याकुल रहेको अवस्थामा सम्पूर्ण वनस्पति परमात्मा गुरुहरूद्वारा नै अमृतको रूपमा प्रदान गर्नुभइ विषयुक्त संसारबाट जगत प्राणीको उद्धार गर्नुभएको थियो । मैत्रीधर्मको नीति–नियमलाई पालना गरेर अखण्ड भाव चित्तमा उत्पन्न गराइ आफ्नो मात्र नभइ सर्वप्राणीको निमित्त मुक्तिमोक्ष प्राप्त हुने सत्कर्म गरि देव भूमि सुखवति लोक जस्तै सुसम्पन्न बनाइ परमात्मा गुरुहरू प्रतिको अपार आदरसम्मान र विश्वासपूर्ण श्रद्धा, भक्ति, आस्था र अनुभूति तथा बोधद्वारा नै परमात्मा भगवानहरू र मनुष्य आत्मा बिच हुने सुमधुर सम्बन्धलाई अझ उत्कृष्ट बनाउने मार्ग दर्शन नै 'मैत्रीधर्म' हो ।

सत्यतामा रहि धर्म पुण्य कर्म गरि धर्मका यिनै विशिष्ट तत्त्वहरू प्राप्त गर्न सकिन्छ । अन्यथा जो कोही पापले भरिएको संसारमा फस्नेछन् र त्यसको विनाश सुनिश्चित छ । जहाँबाट कहिल्यै उद्धार हुनेछैन । स्वयम् गुरु र धर्मले पनि उद्धार गर्न समर्थ नहुने स्थिति रहन्छ । किनकि जहाँ पुण्यको अस्तिŒव अन्त्य भइसकेको हुन्छ । जसरी यथार्थमा अमूल्य तत्त्व महत्वपूर्ण हुन्छ, त्यसरी नै अमूल्य धर्म सत्यतत्त्व बोध गरि मनुष्य स्वयम् आपैmले कर्तव्य पूरा गर्नुपर्छ ।

गुरुले मार्ग निदेर्शित गर्नुभएर मात्र होइन कि मार्गमा यात्रा आफ्नो हो । सम्पूर्ण शील, समाधी, मान, प्रतिष्ठा, प्रज्ञा, सम्यक जीवन, सम्यक आहार, सम्यक दृष्टि, सम्यक वचन, दया, करुणा, विश्वास, श्रद्धा र भक्तिमा निहित रहन्छ । सर्वजगत प्राणीहरू वनस्पतिमा निर्भर छन् भने सम्पूर्ण जगत प्राणी तथा वनस्पतिको सृष्टि परमात्मा गुरुहरूद्वारा भएका हुन् । र, ती सबै परमात्मा गुरुहरूमा निर्भर÷आश्रित छन् । संसार अडिनुको मूल कारक तत्त्व अन्ततः सद्धर्म हो । तसर्थ सर्वज्ञान, शील र धर्मको तत्त्वहरू यथाशीघ्र सम्पूर्ण जगतले त्रुटीरहित बोध गरि अनुसरण गरुन् । सबोर्च्च सद्बोधबाट सुपरीणाम आउने गरि सद्धर्म रूपी परिशुद्धि आधारभूत नीति–नियम र विधिहरू बोध गरुन् ।

सर्वमैत्री मंगलम् अस्तु तथास्तु ।

https://bsds.org/ne/news/199/dharma-sangha-gurujyuko-vani-2073

# वि.सं. २०७० फागुन १० गते लमजुङ, खुदीमा उहाँ धर्म संघ गुरुज्युले दिनु भएको धर्म देशना ।

फागुन १०, २०७० (22.02.2014)




धर्म संध

बोधि श्रवण गुरु संघाय

नमो मैत्री सर्व धर्म संघाय

महा मैत्री ‘मार्ग गुरु’, ‘गुरु मार्ग’ र ‘भगवान मार्गको’ अनुशरण गरी, विस्मृत भाव लिई आवागमन गर्ने समस्त संध मित्रता, धर्म प्रेमि अनुयायीहरुलाई मैत्री मंगल गर्दै, वर्तमान यस गुरु क्षणको स्मृति संगै, सन्तापित सर्व आत्माहरुले

महा 'मैत्री धर्मको' मार्गमा तत्वको बोध गरुन् । धर्म मात्र एक तत्व हो, जसको धरातलमा टेकेर परमात्मासँग साक्षतकार हुने अवसर पाउँदछ । एवम् भाव रहित, दिशाहीन वाँयू समान भौतारी रहेका आत्माहरुले महा मैत्रीको मंगलनाथ श्रवण गरि यथासिध्र वन्धन मुक्त होउन् । प्याँसको अत्यान्तिक अनुरुप पानिको मोल रुप भए झैं दया, करुणा, अहिंसा, श्रद्धा, आस्था, भक्ति, विश्वास र मार्ग प्रतिको अटल मानव जीवनमा धर्मको मोल हुने गर्दछ । धर्ममा प्रवेश हुनु भनेको मुक्ति–मोक्षको मार्गमा लिन हुनु हो । जुन मार्ग मा मुक्ति र मोक्ष रुपि तत्व हुँदैन, सत्य धर्ममा त्यसलाई कहिल्यै पनि मार्ग भनि स्वीकार्न सकिदैन । एवम् धर्म खण्डित संस्कृतिमा नभएर आत्मा र परमात्मा विचको सेतु 'मैत्री धर्म' ज्ञानको परिपूर्णतामा अपलब्ध हुने गर्दछ । मनुष्यले मैत्री ज्ञानबाट टाढा रहि जस्तो सुकै अभ्यास गरे पनि सत्य तत्वको प्राप्ती असम्भव छ । क्षणिक संसारमा लाभ भएको देखिएता पनि अन्ततः सवै व्यर्थ ठहरिने छ । असंख्य प्राणीहरुको जीवन चक्र र आवागमन समस्त लोकहरुको व्यवस्था एवम् आत्मा र परमात्मा विचको अखण्डता हो । धर्म सूर्य उदाउँनु र अस्ताउँनु, आकाशमा जुन तारा चम्कनु, प्रकृतिमा फूल फुल्नु हो । धर्म अनन्त अधोर दुःखको स्वप्नबाट विउँझिएर वास्तविकतामा आफुलाई स–कुशल पाए झैं यस अनित्य संसारको क्षणभंगूरता बोध गर्नु हो । कुशल–विचार, वुद्धिमत्ता भएको मनुष्यले, धर्ममा के गुण छ  वस्तु धर्मले के गर्छ ? भनि प्रश्न गर्नु भन्दा, संसारिक वस्तुको वासना र वन्धनहरुले मनुष्य आफूलाई के दिएको छ भन्ने प्रश्नको खोज किन गर्दैन ? मनुष्य आफुले अनुसरण गरेको मार्गले मुक्ति र मोक्ष रुपी तत्व समेटेको छ वा छैन भन्ने विषय मनुष्यको आफ्रो नितान्त व्यक्तिगत अन्तर खोज हो । गुरुले धर्म पूरा गर्छ । लोकलाई मार्ग दिएर तर मार्गमा यात्रा मनुष्य स्वयम्ले गर्नु पर्दछ । गुरुबाट मार्ग दर्शन भई रहदा मार्गमा यात्रा गर्ने आत्माहरुले संञ्चित गरेको पुण्य र अन्य कर्म अनुरुप पाउनु पर्ने तत्व र भोग्नु पर्ने सत्य सुनिश्चित हुने गर्दछ ।

मार्गमा विभिद दुमाफहरु आउनु स्वभाविक भएता पनि तात्विक विषय गुरु मार्ग प्रतिको श्रद्धा र विश्वास हो । होस, रहि रहोस, धर्म तत्वको अनमोल रत्नहरुले भरिपूर्ण यस महा मैत्री मार्ग सर्वज्ञानको महा बोधले पूर्णता छ । तथापि मनुष्यहरुले रित्तो शब्दको भन्डारण गर्नु पुर्व आफ्रो जीवनमा प्रयोग वा गुरु मार्गको अनुसरण गरे सिध्र नै मार्ग तत्वको बोध हुँनेछ । धर्तिमा टेकेर आकाशको आसनमा अडिनु । मनुष्य चोलामा रहेर पनि मैत्री धर्मको बोध संगै परमात्माको विराट स्वरुपको दर्शन पाउनु । आफु लगायत समस्त लोकको रहस्य बोध हुनु । चित्तको असंख्य भव सागरबाट पानी सरह वास्विभुत भई खुल्ला आकाशमा मुक्त हुनु हो । सर्व धर्म वा गुरु ज्ञान भन्दा उच्च ज्ञान–गुणका तत्वहरुलाई प्रदान गरि विश्वभर पूर्वी भ्रमित लोप गराउने योग्यतालाइ नै 'मैत्री धर्म' भनेको हो । तदनुसार सर्व धर्मको पूर्वी अस्तित्व 'मैत्री धर्मको' मार्गमा नै ससीम हुन्छ । 'मैत्री धर्म' मार्गमा मनुष्यले जीवनको अन्तिम क्षणसम्म धर्मको सत्य अभ्यास गरे मात्र धर्म लाभ गर्दछ । यस मैत्री सन्देशका साथ सम्पूर्ण विश्व मानव भित्रको क्लेशलाई मुक्त गर्न मैत्रीय ११ वटा शिलहरु दिइ रहेको छु ।

1. नाम, रूप, जाति, धर्म, वर्ण, वर्ग, लिङ्ग, आस्था, समुदाय, राष्ट्र, शक्ति, पद, योग्यता आदिको अधारमा भेदभाव कहिल्यै नगर्नु तथा भौतिक, आध्यात्मिक भन्ने मतभेदहरू त्याग्नु ।

2. शाश्वत धर्म मार्ग र गुरूको पहिचान गरि, सर्व धर्म र आस्थाको सम्मान गर्नु ।

3. असत्य, आरोप, प्रत्यारोप अवमूल्यन तथा अस्तित्वहिन वचन गरेर भ्रम फैलाउन त्याग्नु ।

4. भेदभाव तथा मतभेदको सिमाङ्कन गर्ने दर्शन वा बाटोलाई त्यागी सत्य मार्ग अपनाउनु ।

5. जीवन रहुञ्जेल सत्य गुरू मार्गको अनुशरण गर्दै, पाप कर्महरू त्यागी, गुरू तत्वको समागममा सदा लीन रहनु ।

6. आफुले प्राप्ती नगरेको तत्वलाई शब्दजालको व्याख्याले सिद्ध गर्न नखोज्नु तथा भ्रममा रहेर अरुलाई भ्रमित नपार्नु ।

7. प्राणी हत्या, हिंसा जस्ता दानविय आचरण त्यागी शुद्ध आहार गर्नु ।

8. राष्ट्रिय पहिचानको आधारमा मानिस वा राष्ट्रप्रतिको संकिर्ण सोच नराख्नु ।

9. सत्य गुरू मार्गको अनुशरण गर्दै, आफु लगायत विश्वलाई लाभान्वित हुने कर्म गर्नु ।

10. सत्यलाई उपलब्ध भइ गुरू मार्ग रूप लिइ, समस्त जगत प्राणीको निमित्त तत्व प्राप्त गर्नु ।

11. चित्तको उच्चतम र गहनतम अवस्थामा रहेर अनेकौं शिलहरूको आत्मा बोध गरि सम्पूर्ण बन्धनबाट मुक्त हुनु ।

यो मैत्रीय ११ वटा शिलहरु संगै सबै संघहरुले आत्मा साथ गरि आफू लगायत समस्त प्राणीहरुको उद्धार गर्नु । यस सत्य मार्ग ज्ञानलाई साराले बोध गरुन् । संसारिक वस्तु नाम, यश, कीर्तिको पछि अहङ्कार वस नरुमलिएर मनुष्यले सदा आत्मामा मैत्री भाव राख्दै, परमात्माको स्मृतिमा तटस्थ रहि रहनु हो । लोकमा सत्य धर्मलाई पुनः अधिष्ठान गर्न यूगौंको अन्तरालमा गुरु मार्गको अवतरण भएको छ । यस स्वर्णिम क्षणको बोध सर्व प्राणी एवम् वनस्पतिले गरे झैं मनुष्यले पनि क्लेश रहित हुँदै, यस महा मैत्री मार्गमा यथासिध्र धर्म लाभ गरुन् ।

सर्व मैत्री मंगलम अस्तु तथास्तु ।।

https://bsds.org/ne/news/170/dharma-desana-lamjung

# वि.सं. २०७० साल जेष्ठ २५ गते चितवनको शारदा नगरमा दिनु भएको धर्म देशना ।

जेठ २५, २०७० (08.06.2013)




धर्म संघ

बोधि श्रवण गुरु संघाय

नमो मैत्री सर्व धर्म संघाय

सत्य धर्म, गुरु र मार्गको अनुशरण गर्दै लोकले धर्म तत्वको बोध गरुन् । एवम् मुक्ति–मोक्ष रुपी यस महा ‘मैत्री धर्म’ मार्गको परम ज्ञानले समस्त लोक प्राणीहरु तृप्त होउन् । धर्म तत्वको विज्ञान अति गहन र असीम छ । सत् धर्म तत्व बोध हुनको निमित्त स्वयम् तत्व रुपी हुनु पर्दछ । धर्म तत्व केवल यस लोकमा मात्र सिमित नभई समस्त अस्तित्वमा रहेको छ । मनुष्यले बोध गरुन् यो लोक मात्र एउटा अवसर हो । धर्म तत्व बोध गर्नको निमित्त । कुनै वृक्षमा असंख्य फूलहरु अंकुरित भएता पनि सिमितले मात्र फलको स्वरुप प्राप्त गरे झैं मनुष्यले पनि धर्म प्राप्त गर्दछ । तथापि सत्य धर्मको मार्गमा भने झरेको फूलहरुको पनि अस्तित्व वा महत्वा रहन्छ । एवम् प्रत्येक फूलहरुको पनि छुट्टै विशेषता वा धर्म गुण हुने गर्दछ । सत्य धर्मको अनुसरण गर्नु । एवम् धर्म तत्व प्राप्त गरि मुक्ति–मोक्षमा लिन हुनु नै मनुष्य जीवनको

मूल उद्देश्य हो । गुरुले आफ्नो धर्म पूरा गर्छ । संसारलाई मार्ग दिएर । तथापि मार्गमा हिँड्ने प्रत्येक पाइलाहरुको जिम्मेवारी मनूष्य आफैको व्यक्तिगत खोज हो । मुक्ति–मोक्ष रुपी तत्व आफूले अनुसरण गरेको मार्गमा छ वा छैन भन्ने पनि मनुष्यको अर्को नितान्त व्यक्तिगत् खोज हो । मनुष्यले आफ्नो जीवनमा मैत्री ज्ञानबाट टाढा रहि धर्मको नाममा जस्तो सुकै अभ्यास गरेता पनि अस्तित्वगत् सत्य तत्वको प्राप्ती असम्भव छ । त्यो केवल क्षणिक संसारको भोग मात्र हुनेछ । संसारिक मार्गमा मनुष्यहरुको अहङ्कार वा वासनाहरुलाई यथावत राख्ने अनेकौं सुक्ष्म उपायहरु भएको हुँदा वासनारुपी मनुष्यहरु हिड्न चाहदैनन् । तर विडम्बना चित्तको अन्तस्करणमा बोध प्रत्येक मनुष्यलाई छ । कुन मार्गले कहाँ पुर्याउँछ । गुरुबाट मार्ग दर्शन हुँदा, मार्गमा यात्रा गर्ने प्रत्येक आत्माको संञ्चित धर्म पुण्य अनूरुप पाउनु पर्ने तत्व र भोग्नु पर्ने सत्य सुनिश्चित छ । तथापि होस, रहिरहोस यात्रा आफ्नै हो । अहङ्कार र वासनाहरुको बोध गर्दै, धर्म तत्वको गुणले युक्त भई संसारिक सर्व बन्धनहरुबाट मुक्त हुन सकिन्छ । जसको निमित्त मनुष्यले जीवनको अन्तिम क्षणसम्म धर्मको स्ततः प्रयास गरि रहनु पर्दछ । यस 'मैत्री धर्म' ज्ञानलाई सारा लोकले आत्मा साथ गर्दै, बोध गरुन् ।

सर्व मैत्री मंगलम् अस्तु, तथास्तु ।।

https://bsds.org/ne/news/158/vi-sn-2070-saal-jesstth-25-gte-citvnko-shaardaa

# वि.सं. २०६९ चैत्र २७ गते सर्लाही, पथरकोटमा विश्व शान्ति मैत्री पुजामा दिनु भएको धर्म देशना ।

चैत्र २७, २०६९ (09.04.2013)




धर्म संघ

बोधि श्रवण गुरु संघाय

नमो मैत्री सर्व धर्म संघाय

महा मैत्रीय मार्गको अनुसरण गरि ‘मार्ग गुरु’, ‘गुरु मार्ग’ हुँदै ‘भगवान मार्ग’ सम्मको असंख्य भाव दर्शनमा लिनभई समस्त प्राणी लोकले महा बोधको अमृतपान गरुन् । एवम् महा मैत्रीय गुरू र मार्गको लोकमा सदा आशिष् रहि रहुन् । ताराहरु असंख्य देखिएता पनि आकाश एउटै भए जस्तै संसारमा देखिएका समस्त धर्म र मार्गको मूल श्रोत अन्ततः एउटै हो । त्यो हो बोध, लोकको विभिन्न काल खण्डमा वोध भएको वा वोध प्राप्त भएको गुरूहरुबाट समय अनुकुल लोक कल्याणको निमित्त भनि प्रतिपादित मार्गहरु वर्तमान क्षणमा विभिद धर्म मार्ग, दर्शन र संस्कृतिको रंगमा रंगिएको छ । धर्म र मार्गको नाममा झन्भन् सत्य तत्वबाट विमुख हुँदै सहि, गलत, पाप, धर्म, गुरू र मार्ग छुट्ट्याउन नसकेर हो या नचाहेर अनायासै मनुष्यहरु अन्धकारमय तत्वहिन दिशा तिर देखि रहेको छु । पूर्ववत एक भाव गरि बोध प्राप्त गर्नु भएको बुद्ध केवल मार्ग इंगित गराउनु हुने मार्ग गुरु हुन् । तथापि वर्तमान क्षणमा पूर्ववत वुद्धको गुरु छैन भन्ने भ्रम लोकमा भएता पनि यस मार्ग गुरुको गुरु को हुनु हुन्छ भन्ने प्रश्न र वास्तविकता यथेष्ट छदैछ । अस्तित्वमा आसीन अनेकौं भावहरु, गुरुहरु, मार्गहरु अझै लोकमा रहस्य नै छन् । समयको अत्यान्तिक अनुरुप गुरु मार्गको दर्शन गराई रहेको छु । समस्त गुरुहरुको एउटै मार्ग भएतापनि आ–आफ्नै शासन र स्थान हुने गर्दछ । शासन अनुरुप फल प्राप्ती

हुने गर्दछ । ‘गुरू मार्ग’ त्यो मार्ग हो । जुन मार्गमा समस्त लोक प्राणी र वनस्पतिले मैत्री मार्ग अनुसरण गरि मुक्ति र मोक्ष प्राप्ती गर्दछ । मानव लोकमा मनुष्य स्वतन्त्र छन् । धर्मको मार्गमा लिन होस या पाप चर्यामा जीवन व्यतित गरोस । यस लोकको अर्थ नै धर्म र अधर्म पाप छुट्ट्याउनु हो । तर मनुष्य आफुले गरेको राम्रो वा नराम्रो कर्म अनुरुपको फल सुनिश्चित छ । यूगौं पछि लोकमा गुरु मार्गको अवतरण भएको छ । समझदारी, अहिंसा दया, करुणा, प्रेम तथा मैत्री भावको रसले व्याकुल लोकलाई तृप्त गराई ‘मैत्री धर्मको’ शासन स्थापित गराउनको निमित्त गुरुको भर भरोसा रहि रहने छ । तर सर्वज्ञानको भावना राख्ने मनुष्यले अहङ्कार बस यस गुरु क्षणको सद अपयोग गर्न सकेन । एक क्षण आत्मालाई साक्षि राखि मानवकूलले भावना गरोस् गुरुको यो तपस्चर्या किन ? अन्ततः केवल लोक प्राणी र वनश्पतिको मुक्ती र मेक्षको निमित्त तथापि होला । कसैले गुरुबाट अन्य संसारीक वस्तुको लाभ हुन्छ भन्ने आसय बोकेको तर गुरुले दिन सक्ने मात्र धर्म मार्ग र मुक्ति र मोक्ष हो । तर विडम्बना भनौ या काल अतित देखि सङ्क्रमित मनुष्यको मनोवृत्ति बदलामा गुरूलाई दिइन्छ । आरोप, अविश्वास, हिंसा, बाधा, अड्चना, यस मानव कुल समाज र व्यवस्था लगायत समस्त लोकलाई धर्म र मार्गको आवश्यकता पर्दछ । नाकि धूर्मलाई मनुष्यहरुले यो सत्य बोध गरुन् । एवम् मैत्री भाव तत्वको खोजमा जीवन यापन गरुन् । सत्य मार्गको लोक व्यापि दर्शन गराउनको निमित्त आउने दिनहरुमा गुरु भ्रमण पनि हुने नै छ ।

सर्व मैत्री मंगलम अस्तु, तथास्तु ।।

https://bsds.org/ne/news/148/vi-sn-2069-caitr-27-gte-srlaahii-pthrkottmaa-vishv

# मिति २०६९ भाद्र २५ गते सिन्धुलीमा भएको विश्व शान्ति मैत्री पूजामा, धर्म संघ गुरुज्युबाट भएको धर्म देशना ।

भाद्र २५, २०६९ (10.09.2012)




धर्म संध

बोधि श्रवण धर्म संघाय

नमो मैत्री सर्व धर्म संघाय

सत्य धर्म र गुरुको अनुशरण गर्दै वर्तमान यो समयमा यहाँ उपस्थित–अनुपस्थित समस्त आत्माहरुलाई मैत्री मंगल गर्दै, लोक कल्यण एवं प्राणीधानको यस महा मैत्री मार्गमा आत्मा, शरीर, वचन र गुरुको साक्षी भई शास्वत धर्मको उद्घोष गरि रहेको छु । शास्वत सास भएको अजर, अमर, अविनाशि तत्वलाई बोध गर्नको निमित्त चित्तमा मात्र एकसुर धर्मलाई लिएर जीवन चर्या गर्नु पर्दछ । धर्म शब्द पूर्णतया आफैमा पर्याप्त छैन, कसरि धर्म मात्र एउटा शब्दमा अटाउन सक्छ ? जुन धर्म तत्वमा समस्त लोकहरु अडेको छ । धर्म कुनै बुझ्ने तत्व नभएर बोध गर्ने सत्य हो । मनुष्यहरु विचमा मात्र नभई, चराचर जगत प्राणी एवम् वनस्पति सम्म समागममा रहि दया, करुणा, प्रेम र मैत्री भाव गर्न सके, मैत्री भावको रस सेवन गर्न सके, अपूर्व मैत्री भावमा जिवन चर्या गर्न सकिन्छ । फलस्वरुप जीवन उपरान्त मुक्ति र मोक्ष प्राप्ती हुँनेछ । धर्मको नममा प्राणी हत्या, ऋद्धि–चमत्कारि देखाउनु, तन्त्र–मन्त्र गर्नु मात्र क्षणिक स्वार्थ पूर्तिको बाटो हो । धर्म मात्र त्यो हो, जसले प्राणीलाई भेदभाव रहित कर्म अनुरुप मुक्ति र मोक्षको मार्ग प्रदान गर्छ । परापूर्व कालदेखि लोकमा मनुष्यहरु भव सागरमा रूमलिएर तत्वहिन वस्तु र मार्गमा तत्वरुपी मनुष्य चोला लिएर पनि कल्पौंदेखि जान–अज्ञानमा भौतारी रहेका छन् । किनकी पुण्यवान आत्माहरु जो कि शरणमा रहि सत्य मार्गको अनुसरण गरिरहेका छन् । एवम् गुरु स्वयम् पनि पूर्ववत हजारौ बुद्धहरु भन्दा उच्च गुरुहरुको धर्म शासनमा रहि आएको छ । भावि दिनहरुमा गुरु र धर्मको दर्शन गराउदै जाने नै छु र सदा गराई रहेको छु । असंख्य भाव सागरमा

रुमलिएर तृष्णा वस संञ्चित गरेको कर्महरुको निवारण गर्नको निमित्त धर्मको शासनमा रहि, सुद्ध चित्तको भावना गर्दै, अखण्ड रुपले किञ्चित पनि विमुख नभई गुरुमार्गमा लागी पर्नु पर्दछ । म र मेरो भन्ने लोभ र अहंकार निभाउने ममतालाई त्यागेर सर्वप्रणी लोकको निमित्त अनाश्रव भावना गर्दै जिवन यापन गरेमा मात्र मुनुष्य जिवन सफल हुनेछ । अन्ततः लोकमा आउनुको उद्वेश्य के हो ? खोज कुन तत्वको हो ? सम्पूर्ण अस्तित्व लगायत अफु स्वयम् प्रतिको दायित्व र धर्म के हो ? आत्मा परमात्मा विचको सेतुहरु के हुन ? यस्ता असिम र सुख क्षणको अन्तर खोजमा जिवनको कालचक्र व्यतित गर्नु पर्दछ, ना कि क्षणिक विलासीता र भौतिक वन्धनहरु मात्र, अन्ततः भेदभाव रहित एक प्राणी, एक जगत, एक भाव, धर्म, एवम् मैत्री भाव स्थापित गर्दै, लोकलाई धर्म ध्वनिमा अल्पित गर्न र विश्वभरिका असंख्य व्याकुल मानवहरुलाई मैत्री रसले तृप्त गराउदै मार्ग दर्शन गराउन आउने समयमा गुरु भ्रमण हुने नै छ । गुरु सत्य छ, किनकि गुरु धर्ममा छ । मात्र गल्ती एउटै भौतिक संसारमा गुरुबाट धर्मको शासन विस्तार भएको छ । जे छ, सत्य छ ।

सर्व मैत्री मंगलम् अस्तु, तथस्तु ।।

https://bsds.org/ne/news/137/miti-2069-bhaadr-25-gte-sindhuliimaa-bheko-vishv

# चैत्र २९ गति दिनु भएको धर्मदेशना

चैत्र २९, २०६८ (11.04.2012)




समस्त संघ एवं अनुययिहरुलाई मैत्रि मंगल गर्दै आजको युग.... सत्य मार्गको अनुसरण गरि धर्मको शासन विस्तार गरि लोकमा धर्म, शान्ति, समजदारी र मैत्रीभाव विस्तापित गर्दै समस्त जगतप्राणीहरुलाई मुक्ति र मोक्षको मार्ग प्रधान गर्नु हो |

Samasta sangha evam anuyaeeharulai maîtri mangal gardai aajako yug vela matra utsav nabhaera satya margako anusaran gari dharmako shaasan bistaar gari lokmaa dharma, shanti, samajhdaari ra maitribhav vistaapit gardai samasta jagatpraniharulai mukti ra mokshako maarga pradhaan garnu ho.

सत्यमार्ग अनुशरण गर्ने क्रम सत्य गुरुको तत्तयीत बोध नभई पूर्णता पाउन कठिन छ |

Satya maarga anusaran garne kram satya guruko tattayeet bodh nabhai purnataa paauna kathin chha.

गुरु शब्दमा लुकेको तत्वहरुलाई खोज गर्न सके, बोध गर्न सके मनुष्य जीवन फलदायी हुन सक्छ |

Guru sabda ma lukeko tattvaharulaai khoj garna sake, bodh garna sake, manushya jeewan phaldaayee huna sakchha.

संसारीक अंकुशहरुबाट मुक्त भएको हुनाले गुरु संसारमै देखिए पनि संसारीक गुरु नभएर विसुद्ध धर्म गुरु हो |

Sansaareek ankushharu baata mukta bhayeko hunaale guru sansaarmai dekhiye pani sansaareek guru nabhaera visuddha dharma guru ho.

लोकमा धम्मको शासन विस्तापित गर्नको निमित्त गुरुको जति नै संघहरुको पनि पूर्ण आस्था र समर्पण हुनु पर्दछ |

Lokmaa dharmako shaasan vistaar garnako nimitta guruko jatinai sanghaharuko pani purna aastha ra samarpan hunu pardachha.

एवं संघहरुको शीलको सुगन्ध एक आपसमा मैत्रेयाभाव तथा एकरूप हुनु पर्दछा |

ēvaṁ saṅghaharukō śīlakō sugandha ēka āpasamā maitrēyābhāva tathā ēkarūpa hunu pardachā.

गुरुले गरेको कार्यमा हस्तछेप गर्नु भनेको धर्म र मार्गमा हस्तेछेप गर्नु हो |

Gurule gareko kaaryamaa hastachhep ra baadha garnu bhaneko dharma ra maargamaa hastachhep garnu ho.

तथापि सत्य धर्मको शासन विस्तार गर्दा अनेकौं बाधा अड्चना र हस्तछेप हुनु स्वोभाविक हो |

Tathaapi satya dharmako shaasan vistaar garda anekaun baadhaa adchanaa ra hastachhep hunu swobhaavik ho.

तर धर्म विरोधि तत्वहरुको आत्मा, शरीर र बचनले साछी भई सामना गर्नु वा निवारण गर्नु प्रत्येक संघहरुको अर्को व्यक्तिगत धर्म कर्तव्य हो |

tara dharma virodhi tatvaharuko aatmaa, sharir ra vachanle saachhi bhai saamanaa garnu vaa nivaran garnu pratyek sanghaharuko arko byaktigat dharma ra kartevya ho.

गुरु स्वयं रहिरहदाको यस अमूल्य क्षणहरुलाई आत्मसात गरी धर्मं धवानिमा लीन भई समस्त संघहरूले आफ्रो चरम

बुद्धिमता प्रमाणित गरि गुरु... प्रत्येक गुरु क्षणहरु सदा उपयोग गरुन

Guru svayaṁ rahirahadākō yas amūlya kṣaṇharulā'ī ātmasāt garī dharmaṁ dhavānimā līn bha'ī samasta saṅghaharūlē āphnō caram bud'dhimatā pramāṇita gari guru... Pratyēka guru kṣaṇaharu sadā upayōga garuna.

|| सर्व मैत्री मंगलम अस्तु, तथास्तु ||

https://bsds.org/ne/news/127/caitr-29-gti-dinu-bheko-dhrmdeshnaa

# 26.03.2012

चैत्र १३, २०६८ (26.03.2012)




विश्व शान्ति मैत्री पूजामा उपस्थित सबै संघहरुलाई धर्मको शासनमा रही विश्वलाई एकरूप दर्शन देयी विगत, वर्तमान र आउने दिनहरुको समस्त अन्योलहरु र मारहौर दिया गरि सम्पूर्ण जगतप्राणी धर्मको परिसिद्धि प्राप्त मिलाई हुन सकोश |

Vishwa Shanti Maitri Pujama upasthit sabai sanghaharulai Dharmako shaashanma rahi vishwalai ekrup darshan deyi vigat, vartman ra aaune dinharuko samasta annyolharu ra maaraharu diya gari sampurna jagatprani dharmako parisidhi prapt milai huna sakosh.

सत्य धर्मको मार्गमा मार्ग अनुसरण गरि परिसिद्ध भई विश्वशान्ति समझदारी र मैत्री भाव स्थापित भई धर्म लोकको धरानले अवतरित होए |

Satya Dharmako maargama marga anusaran gari parisiddha bhai vishwashanti samajhdari ra maitri bhaav sthapit bhai Dharma lokko dharanle avatrit hoye.

|| सर्व मैत्री मंगलम अस्तु, तथास्तु ||

Sarva Manglam Astu Tathastu !

https://bsds.org/ne/news/125/26-03-2012

# तपो भुमी हलखोरियामा मिती २०६८ साल चैत्र महिना ८ गतेको दिन, विश्व शान्ति मैत्री पूजा कार्यक्रममा धर्म संघ गुरुज्युद्धारा भएको धर्म देशना ।

चैत्र ८, २०६८ (21.03.2012)




धर्म संघ

नमो वोधि श्रवण गुरु धर्म संघाय

नमो मैत्री सर्व धर्म संघाय

सत्य धर्मको अनुसरण गर्दै विशुद्ध मार्गको खोजमा विश्व शान्ति मैत्री पूजामा एकिकृत सम्पूर्ण धर्म प्रेमि अनुयायीहरुलाई मैत्री मंगल गर्दै, समस्त जगत प्राणीको दुःख र सन्तापबाट उन्मुक्त गराउन गुरु मार्गको रुप लिई, मैत्रीय मिती तदानुरुप ३५ हजर वर्ष अगाडी अवतरण भएको 'वोधि श्रवण धर्म संध'लाई प्राण–प्रतिष्ठान गर्दै, विश्वलाई यूगौं पछि साश्वत् धर्मको सन्देश दिई रहेको छु । एउटा फूलको आफ्रो सौन्दर्य र सुगन्घ समस्त सृष्टिमा निर्विवाद रुपले अर्पण–समर्पण गरे मात्र त्यसको अस्तित्व रहे झैं मनुष्यले आफ्रो जीवनबाट काम, क्रोध, लोभ, मोह, अहङ्कार, हत्या, हिंसा र अन्य क्लेशहरु नष्ट गरी सत्य धर्मको नीति–नियम पालना नगरे सम्म धम्मको अर्थ सुगन्घ फूल फूल्न सक्दैन । २०६२ साल जेष्ट २ गते देखि २०६८ साल जेष्ट २ गते सम्म धर्मको कठोर अभ्यास र आसनहरु गरिरहदा सत्य मुक्ति–मोक्षको मार्ग बनेर संसारको निमित्त आत्मा साथ गर्दै, रत्तिभर चित्तलाई विचलित नगरी पूर्ण निष्ठाका साथ मैत्री ध्यानमा समाधिष्ठ हुँदा अवतरित भएको मार्ग हो, 'वोधि श्रवण धर्म संध' । 'वोधि श्रवण' अर्थात सत्य तथा गुरु तत्वको वोध हुनु हो । अस्तित्वगत् तत्वको पहिचान हुनु हो वा सर्वज्ञानले यूक्त हुनु हो । तथा 'धर्म संध' शब्दले लोक–लोकत्तरका सर्व गुरुलाई सम्वोधन गर्दछ । 'वोधि श्रवण धर्म संध' अर्थात समस्त गुरुहरुले 'बोधि मार्ग', 'मार्ग गुरु' र 'गुरु मार्ग'बाट बोध गर्नु भएको वा ज्ञान प्राप्त भएको हुनाले 'बोधि श्रवण धर्म संध' नामकरण गर्नु भएको हो । यस गुरु मार्गको लक्ष्य संसारका असंख्य प्राणीहरुको दुःखबाट मुक्त गराई, अनन्त कालसम्म सत्य धर्म मुक्ति–मोक्षको मार्गहरु प्रतिपादन गराई लोकमा मैत्री भाव फैलाउनु हो । श्रद्धा, विश्वास र आस्थाको मार्गमा शरीर, बचन, आत्मालाई शुद्ध गरी शिलको पालना गर्नाले मनुष्य जीवनमा अमनुष्य दिव्य रत्ति प्राप्ती हुँनेछ । धर्म, शान्ति, अहिंसा, समझदारी र मैत्री भाव स्थापित हुनको निमित्त मनुष्यहरुले त्याग्नु पर्ने निम्न कुराहरु जस्तै काम, क्रोध, लोभ, मोह, इर्ष्य, हत्या, हिंसा, अहंकार, कलह, धृणा, तिरस्कार, अवमूल्यन, असन्तोष, अविश्वास, शंका, भ्रान्ति, मिथ्या दृष्टि, स्वार्थ पूर्ति, दुष्ट वचन, कूलत, कुसंगत, कुकर्म, दुष्कर्म, भूत–प्रेत, बाधा–अड्चना, असत्यलाई सत्य र सत्यलाई असत्य तुल्याउने, धर्म, जाति, क्षेत्र, समुदाय र संधहरुमा भेदभाव र फाँटो ल्याउने । मेरो, आफ्रो, हाम्रो, गाउँ, इकाई, नगर, राष्ट्र, अन्तराष्ट्र हुँदै विश्वभरी नै भ्रान्ति फैलाएर भ्रमको खेति गर्ने । धर्म, अध्यात्म, अध्यन, दर्शन ज्ञानको नाममा हत्या, हिंसा, कुकर्म, दुष्कर्म र अशान्तिलाई अङ्गिकार गरी मानव सभ्यता विच अस्तित्वमा नभएको भ्रमको जञ्जाल, भेदभाव तथा मतभेदको पर्खाल खडा गर्ने आडम्बरी ज्ञानहरु हुन् । यूगौ देखी संसारलाई भ्रमित पारि भ्रम फैलाउनेहरुबाट सचेत भई विगतमा अन्योल परेका समस्त संध, धर्म प्रेमी अनुयायीहरु तथा सत्यको खोजिहरुलाई सत्य धर्म गुरु मार्गको अनुसरण गर्न र गराउन अनुमोदन गरी रहेको छु । सत्य धर्म गुरु मार्गको अनुशरण गरी सत्कर्म गरेमा आफ्रो पुर्वको कर्म अनुरुप आईपर्ने मारहरु अपाङ्ग, लाटो, बहिरो, अन्धो जस्ता जन्मजात वा जन्म पश्चात आफु वा आफ्रो सन्ततिहरुमा आउन सक्ने दुष्परिणामलाई सत्यमा रहि सत्यको प्रतापले नष्ट गर्न सकिन्छ । मनुष्यको अति नै अन्तरात्ममा गढेको क्लेशहरु नष्ट गरि, शुद्धी गराइ आफु र अरुको उद्धार र मैत्री भाव फैलाउनको निमित्त यो शिलहरु दिई रहेको छु ।

1. नाम, रूप, जाति, धर्म, वर्ण, वर्ग, लिङ्ग, आस्था, समुदाय, राष्ट्र, शक्ति, पद, योग्यता आदिको अधारमा भेदभाव कहिल्यै नगर्नु तथा भौतिक, आध्यात्मिक भन्ने मतभेदहरु त्याग्नु ।

2. शास्वत धर्म मार्ग र गुरुको पहिचान गरि, सर्व धर्म र आस्थाको सम्मान गर्नु ।

3. असत्य, आरोप, प्रत्यारोप अवमूल्यन तथा अस्तित्वहिन वचन गरेर भ्रम फैल्याउन त्यग्नु ।

4. भेदभाव तथा मतभेदको सिमाङ्कन गर्ने दर्शन वा बाटोलाई त्यागी सत्य मार्ग अपनाउनु ।

5. जिवन रहुन्जेल सत्य गुरु मार्गको अनुसरण गदै, पाप कर्महरु त्यागी, गुरू तत्वको समागममा सदा लीन रहनु ।

6. आफुले प्राप्ती नगरेको तत्वलाई शब्द जालको व्याख्याले सिद्ध गर्न नखोज्नु तथा भ्रममा रहेर अरुलाई भ्रमित नपार्नु ।

7. प्राणी हत्या, हिंसा जस्ता दानविय आचरण त्यागी सम्यक आहार गर्नु ।

8. राष्ट्रिय पहिचानको आधारमा मानिस वा राष्ट्रप्रतिको संकिर्ण सोच नराख्नु ।

9. सत्य गुरु मार्गको अनुसरण गर्दै, आफु लगायत विश्वलाई लाभान्वित हुने कर्म गर्नु ।

10. सत्यलाई उपलब्ध भई गुरु मार्ग रूपलिई, समस्त जगत प्राणीको निमित्त तत्व प्राप्त गर्नु ।

11. चित्तको उच्चतम् र गहनतम् अवस्थामा रहेर अनेकौं शिलहरुको आत्मा बोध गरि सम्पूर्ण बन्धनबाट मुक्त हुनु ।

यो शिलहरु सर्व मनुष्यले आत्मा साथ गरी, अभ्यास गर्दै आफू लगायत समस्त जगत प्राणीको उद्धार गर्नु । यो शिलहरु भनेको बन्धनमा बाध्ने नभएर बाँधिएको समस्त बन्धनहरुबाट मुक्त गराउने मार्ग हो भनि साराले बोध गरुन् । जो कोहिले सहि ढंग सत्य, आस्था, श्रद्धा र विश्वासले गुरु मार्गको अनुसरण गर्नेछ, उसले क्रमशः आफ्नो प्रकृति र लोक–लोकत्तरको सहस्य बोध गर्दै सर्व ज्ञानले युक्त भई अभूत पूर्व आनन्द र मैत्री भावमा जिवनचर्या गर्नेछ । मनुष्यले तत्व प्राप्तीको निमित्त सम्यक जिवन जीउनु पर्दछ । सम्यक जीवन जिउनको निमित्त सम्यक आहार पनि उत्तिकै आवश्यक पर्दछ । आफू र अरुको अनिष्ट गर्ने आहार सर्व श्रेष्ठ प्राणीमा गनिने मनुष्यले किन गर्दैछ ? आफू र अरुको अनिष्ट गर्ने आहारहरु त्यागि सम्यक आहार गर्नु तथा सर्व प्राणीहरुलाई आफु सरह हेरौं र बोध गरौं । अन्ततः

विश्वभरीका श्रद्धालु भक्तजन, धर्म प्रेमी, शान्ति प्रेमी तथा सत्यको खोजिहरुलाई मार्ग दर्शन गराई आस्था, श्रद्धा र विश्वासको सेतुहरु जोडी विश्वभरी मैत्री भाव फैलाउनको निमित्त, अबको आउने समयमा गुरु भ्रमण पनि हुने नै छ ।

सर्व मैत्री मंगलम् अस्तु, तथास्तु ।।

https://bsds.org/ne/news/124/tpo-bhumii-hlkhoriyaamaa-mitii-2068-saal-caitr

# 28.01.2012

माघ १४, २०६८ (28.01.2012)
१. बोधी श्रवण धर्म संघमा आवद्ध सम्पूर्ण संघहरु , पदाधिकारिहरु तथा शिष्वत स्वीकार गरि यस सत्य, धर्म , गुरुमार्गको तापोभूमिमा गुरु शरण पर्नु भएको सम्पूर्ण शिष्यहरूलाई समयको आत्यन्तिक बोध गर्दै आजको मितिमा यो संदेश प्रवाह गरिरहेको छु |

bodhi shravan dharma sanghamaa aavaddha sampurna sanghaharu, padadhikariharu tatha shishvat svikar gari yas satya, dharma, gurumaargako taapobhumima guru saran parnu bhaeko sampurna shishyaharulaii samayako aatyantika bodh gardai aajako mitima yo sandesh pravaha gariraheko chhu.

२. सर्वप्रथम संघहरुले साँचै बोध गर्नु पर्ने कुरा सत्य, धर्म, गुरु को हुनुहुन्छा ? गुरु मार्ग भन्नाले के बुझिन्छ ?

sarvaprathama sanghaharule sancchai bodhi garnu parne kura satya, dharma, guru ke hunuhuncha? guru maarga bhannale ke bujhincha?

३. सबै संघहरुले एक भावना आन्त :स्थलमा राखेर गुरुलाई सर्व स्वीकार गरि मैत्री भावनाले परस्पर हुनु पर्दछ अथवा गुरु र शिष्य बिचको सम्बन्धलाई गाँस्ने आस्था , विश्वास र श्रद्धा जस्ते सेतुहरुलाई आत्मासात् गरि सर्वसमर्पणको भावले गाँस्नुपर्छ |

sabai sanghaharule ek bhavanaa aanta: stalamaa raakhera gurulai sarva svikaara gari

maitri bhavanale paraspar hunu pardcha aathava guru ra shishya bichko sambandhalai gaansne aastha, vishvas ra shraddha jaste setuharulai aatmaasaat gari sarvasamaparnako bhaavle gansnupardcha.

४. जो हुन नसक्दा गुरुधर्म प्रति नै प्रश्न लागि रहेछ |

jo huna nasakda gurudharma prati nai prashna laagi rahecha.

५. यो अति संवेदनाशील सम्बन्ध र समयलाई भाबदुष्टि गर्दै अबको समयदेखि सम्पूर्णरुपले संघको समस्त जीम्मेवारी गुरु स्वयंले लिनु हुनेछ |

yo ati sanvedanaashiila sambandha ra samayalai bhavadushti gardai abako samayadekhi sampurnarupale sanghako samasta jimmevaari guru svayanle linu hunecha.

६.गुरुले संघ विस्तार गरेर धर्म फैलाउनु हुने हो, मान्छेको भीड होईन, अत्यथा गुरु धर्म माथि वा लाग्ते प्रश्न कहिल्यै उत्तरित हुने छैन |

gurule sangha vistaara garera dharma phailaunu hune ho, maancheko bhii hoiina, atyathaa gurudharma maathi vaa laagte prashna kahiilyai uttarit hune chaina.

७. आजको यस क्षणसम्म भन्नैपर्दा हरपल हरसमय गुरुबाट यहि वचन र संदेश निरन्तर प्रवाह् नभएको पनि होर्हन |

aajako yas kshanasamma bhannaiparda harapala harasamaya gurubaata yahi vachan ra sandesh nirantar pravaha nabhaeko pani hoiina.

८.वर्षौ बित्यो सत्य गुरु तपईहरुको समू छ |

varshai bityo satya guru tapaiiharuko samu cha.

९. तर बिडम्बना मा देख्दैछु |

tara bidambanaa ma dekhdaichhu.

१०. क्लेशले लिप्त भएको चित्ताहरुको दशा, नाम, यश, कुतिको निमित्त लयलित भावहरु अहंकारलाई पोषण पुग्ने आचरण र भाव भड़ीगमाहारू |

kleshale lipta bhaeko cittaharuko dashaa, nam, yasha, kutiko nimitt layalita bhaavaharu ahankaaralai poshna pugne aacarana ra bhaav bhangimaharu.

११ . सत्य गुरु मार्ग रुप लिर्ह गुरु आउँदा पनि नदेख्नेहरु युगों पछि सत्य धम्मको देशना हुँदा पनि नासुन्नेहरु |

satya guru maarga rupa lii guru aaunda pani nadekhreharu yugon pachhi satya dhammale deshanaa hunda pani naasunneharu.

१२. संघ भनेको ज्योति सरह तेज, प्रकाशवान, एक रुप एक भावना हुनु पर्दछ, क्लेश भेदभाव र मतभेद रहित |

sangha bhaneko jyoti saraha tej, prakashavaan, ek rup ek bhaavana hun pardcha, klesh bhedabhaav ra matabhed rahit.

१३. गुरुको आफूनो धर्म छ, शिष्यहरू प्रति, संघहरु प्रति, अस्तित्व प्रति र गुरुहरु प्रति, गुरुले वचन गरिरहँदाकों क्षण अस्तित्वगत हुन्छ, त्यसको गहनता र जटिलता बुझ्नु-नबुझ्नु आफूनै हातमा छ |

guruko aaphuno dharma cha, shishyaharu prati, sanghaharu prati, astitva prati ra guruharu prati, gurule vachan garirahundaako kshana astitvagat huncha, tyasko gahanataa ra jatilataa bujhnu-nabujhnu aaphunai haatamaa cha.

१४ . गुरु समीप आईपुग्दा कस्ते अवसत्या हुनु पर्दछ चित्तको ?

guru samipa aarhapugdaa kasto avastya hunu pardcha cittako?

१५. के उद्देश्य र लक्ष्य लिनु पर्दछ ?

ke uddeshya ra lakshya linu pardcha?

१६. कस्तो तत्वको खोज र आशा राख्नु पर्दछ ?

kasto tatvako khoj ra aashaa rakhnu pardcha?

१७. संघहरुले गुरुको गरिमामय, अलौकिक शान्त, शीतल तथा विरोधाभाषी उपस्थितिको बोध गनु सक्नु पर्दछ |

sanghaharule guruko garimaamaya alaukik shaant, shiital tatha virodhabhashi upasthitiko bodh garnu saknu pardcha.

१८. आफूनो संसारिक तर्क, विशलेषण, धूर्तता, दु :ख, पीडा, तुच्छ बुद्धिमत्तालाई नकारेर गुरुको उपस्थिति र वचनलाई पूर्ण निष्ठा र आस्थाल सर्व स्वीकार गरि श्रवण गर्नु पर्दछ, गुरुसंग भेट हुंदाको क्षण, समयको मुल्याड़ाकन र आत्मबोध कुनै एकाध सच्चा शिष्य वा संघलाई होला, तर प्रायजसो म देख्दैछु: शिष्य संघहरुलाई स्वयं आफैलाई थाह छैन, उ कहाँ छ ? कुन अवस्था र स्थानमा छ ?

aaphune sansarik tark, vishaleshana, dhurtata, dukha, pida, tuccha budhhimattalai nakarera guruko upasthiti ra vachanlaii purna nishta ra aasthala sarva svikaar gari shravan garnu pardcha, gurusanga bhet hundaako kshana, samayako mulyaadakan ra aatmabodh kunai ekadh saccha shishya vaa sanghalaii hola, tara prayajaso ma dekhdaichhu: shishya sanghaharulaii svayan aaphailaii thaha chaina, u kahan cha? kun avastha ra sthanma cha?

१९ . कसको अगाडि छ र के गर्नु पर्चा ? के बोल्नु पर्दछ ? कुन विषलाई जोड दिनु पर्दछ ? इत्यादि |

kasako agaadi cha ra ke garnu pachi? ke bolnu pardcha? kun vishalaii jod dinu pardcha? ityaadi.

२०. तर फेरी पनि गुरुलाई विश्वास छ, तपईहरु सत्य गुरु सामु सत्य संघको रुप अनुसरण गर्नु हुनेछ र भ्रमको भाव सागरबाट मुक्त हुनु हुनेछ |

tara pheri pani gurulaii visvaas cha, tapaiharu satya guru saamu satya sanghako rup anusaran garnu hunecha ra bhramako bhaav sagarbaata mukta hunu hunecha.

२१. अन्यथा अर्को विकल्प छैन | दुई मा एक सत्य मार्ग कि भ्रम ? संघ विस्तार गर्नु नै छ | धर्मलाई शिखरको उत्कर्षमा पुग्नु नै छ |

anyatha arko vikalpa chaina. dui maa ek satya maarga ki bhrama? sangha vistaara garnu nai cha. dharmalaii shikharko utkarshama pugnu nai cha.

२२. तर शुद्धता र तत्व सहित संख्यात्मक रुपले नभएर तत्वलाई जीवन्त राख्दै गुणस्तर रुपले |

tara shuddhata ra tatva sahit sankhyatmaka ruple nabhaera tatvalaii jivanta rakhdai gunastara ruple.

२३. जसको निमित्त तपईहरुलाई यो शीलहरु आताम्सात गरि बोध गर्नको लागि दिइरहेको छु |

jasko nimitt tapaiharulaii yo shiilharu aatamsaat gari bodh garnako laagi diiraheko chhu.

Ekadasha Maitri Sila

**************************************************

१) नाम, रुप, वर्ण, लिङ्ग, वर्ग, आस्था, समुदाय, शक्ति, पद, योग्यता आदिको आधारमा भेदभाव कहिल्यै नगर्नु तथा भौतिक, आध्यात्मिक भन्ने मतभेदहरु त्याग्नु |

naam, rup, varna, linga, varga, asathaa, samudaaya, shakti, pad, yogyataa aadiko aadharma bhedbhaav kahileyai nagarnu tatha bhautik, adhyatmika bhanne matabhedharu tyagnu.

२) शास्वत धर्म, मार्ग र गुरुको पहिचान गरि सर्व धर्म र आस्थाको सम्मान गर्नु |

shasvat dharma, maarga ra guruko pahican gari

sarva dharma ra aasthaako sammaan garnu.

३) असत्य, आरोप, प्रत्यारोप, अवमूल्यन तथा अस्तित्वहीन वचन गरेर भ्रम फैलाउन त्याग्नु |

asatya, aarop, pratyarop, avamulyan tatha astitvahin vachan garera bhrama phalaun tyagnu.

४) भेदभाव तथा मतभेदको सीमाङ्कन गर्ने देशना वा बाटोलाई त्यागी सत्य मार्ग अपनाउनु |

bhedbhaav tatha matbhedko simangkan garne deshan vaa baatolaii tyagi satya marga apanaunu.

५) जीवन रहुन्जेल सत्य गुरु मार्गको अनुसरण गर्दै पाप कर्महरु त्यागी गुरु तत्वको समागममा सदा लीन रहनु |

jivan rahunjela satya guru maargako anusaran garde paap karmaharu tyagi guru tatvako samaagamamaa sadaa lina rahanu.

६) आफुले प्राप्त नगरेको तत्वलाई शब्दजालको व्याख्याले सिद्ध गर्न नखोज्नु तथा भ्रममा रहेर अरुलाई भ्रमित नपार्नु |

aaphule prapta nagareko tatvalaii shabdaacaalako vyakhyale siddha garna nakhojnu tatha bhramamaa rahera arulaii bhramita naparnu.

७) प्राणी हत्या, हिंसा जस्ता दानवीय आचरण त्यागी सम्यक आहारा गर्नु |

prani hatya hinsa jasta danviya aacarana tyagi samyaka aahaaraa garnu.

८) राष्ट्रिय पहिचानको आधारमा मानिस वा राष्ट्र प्रति संकीर्ण सोच नराख्नु |

raashtraya pahicaanako aadharamaa manisa vaa raashtrayati sankirna soc naaraakhnu.

९) सत्य गुरु मार्गको अनुसरण गर्दै आफू लगाएत विश्वलाई लाभान्वित गर्नु कर्म गर्नु |

satya guru margako anusaran gardai aaphu lagaaeta visvalaii labhaanvita garnu karma garnu.

१०) सत्यलाई उपलब्ध भई गुरु मार्ग रुप लिई समस्त जगत प्राणीको निमित्त तत्व प्राप्त गर्नु |

satyalaii upalabdha bhai guru marga rup lii samasta jagata praaniko nimitt tatva prapta garnu.

११) चित्तको उच्चतम र गहनतम अवस्थामा रहेर अनेकौं शीलहरुको आत्मबोध गरि सम्पूर्ण बन्धनबाट मुक्त हुनु |

cittako uccatama ra gahanatama avasthaamaa rahera anerkai shiilaharuko aatmabodh gari sampurna bandhanabaata mukta hunu.

*****************************************

२४. संघ भनेर नामाकरण गर्नको निमित्त अन्तत : संघहरुमा यो शीलाहरुको सुगन्ध हुनु पर्दछ, अन्यथा यसलाई संघ भनेर नामाकरण गर्न सकिदैन |

sangha bhanera naamaakaran garnako nimitt antata: sanghaharumaa yo shiilaharuko sugandha hunu pardcha, anyatha yaslaii sangha bhanera naamaakaran barna sakidaina.

२५. संघहरुले सत्य धर्मको मार्गको अनुसरण गर्दै गुरुमार्गको शील पालना गरेर गुरु, धर्म, संघ प्रति दायित्व र कर्तव्य पूर्ण निष्टका साथ पूर्ति गरेर क्लेश मुक्त सैत्रीको संघ विस्तार गर्ने प्रण गर्नु पर्नेछ, त्यस संघहरुलाई केवल यो बरु मार्गले अंगीकार गरि स्वागत गर्ने छ, संघ बिस्तार र धर्म विस्तारको निमित्त अधिकार सम्पन्न गरि गुरु स्व्यम्बता प्रमाणित धम्मपत्र प्रदान गरिनेछ |

sanghaharule satya dharmako maargako anusaran gardai gurumaargako shiila palana garera guru, dharma, sangha prati daayitva ra kartavya purna nishtakaa saatha purti gari klesha mukta maitriko sangha vistaara garne pran garnu pardcha, tyas sanghaharulaii kevala yo guru maargale angikaara gari svaagat garne cha, sangha bistaara ra dharma vistar ko nimitt adhikar sampann gari guru svyambata pramanit dhammapatra pradan garinechha.

२६. त्यस धम्म पत्रको अवधि प्रत्येक तीन महिनामा पुन: प्रमाणित गरिनु पर्दछ, तथा आस्था विश्वास र श्रद्धाको अति सम्बेदनशील सेतुले जोडिएको यो धम्मपत्र जोति बलियो छ, त्यति नै कमजोर पनि हुन सक्छ |

Tyas Dhamma patra ko avadhi pratyek tin mahinaamaa puna: pramaanit garinu pardcha, tatha aastha vishvaas ra shraddhako ati sambedanashiila setule jodieko yo dhammapatra jati baliyo cha, tyati nai kamajora pani huna sakcha.

२७. सबै संघहरु स्वयंमा निर्भर छ | जसरी सताकर्मा गरेर गुरुमार्गको अनुसरण गरेमा बन्धनबाट मुक्त हुन सकिन्छ त्यसरी नै विपरित गएमा टीक विपरित परिणाम पनि भोग्नै पर्ने हुन्छ |

sabai sanghaharu svayanmaa nirbhara cha. jasri sataakarmaa garera gurumaargako anusaran garemaa bandhabaata mukta huna sakincha tyasari nai viparit garemaa tik viparit parinaam pani bhognai parne huncha.

२८.. भन्नै पर्दा सत्य धम्मको शीसनमा गल्ति शब्द नै अटाउँदैन तर केवल गुरु धर्मको कारण आज फेरी यो अवसर पाउनु भएको छ, गुरुलाई विश्वास छ यो अवसरको पूर्ण लाभ संघहरुले लिनु हुनेछ साथै संघहरुलाई अबका सारा संघ विस्तार, निर्माण कार्य, प्रचारप्रसार तथा सनदेश सूचना प्रवाहको सर्वाधिकार यसै हलखोरिया केन्द्रीय कार्यालयमा निहित गर्दै सम्पूर्ण कार्यहरु एकलैटी हलखोरियाको कर्ययोचना तथा गुरु वचनबाट मात्र गर्ने गराउने यहि मिति २०६८ /१०/१४ गति देखि समस्त संघहरुलाई जानकारी गराउँदछु |

bhannai parda satya dhammako shisanamaa galti shabda nai ataaundaina tara kevala guru dharmako kaarana aaja pheri yo avasar paaunu bhaeko cha,gurulaii vishvas cha yo avasarako purna laabh sanghaharule linu hunecha saathai sanghaharulaii abakaa saaraa sangha vistaara, nirman kaarya, pracaaraprasaar tathaa sandesh suchanaa pravaahako sarvaadhikaar yasai halkhoriyaa kendriya kaaryalayamaa nihit gardai sampurna kaaryaharu ekdlaidi halkhoriyako karyayocana tathaa guru vachanbaata matra garne garaaune yahi miti 2068/10/14 gati dekhi samasta sanghaharulaii jaanakari garaaundachhu.

|| सर्व मैत्री मंगलम अस्तु, तथास्तु ||

sarva maitri mangalam astu, tathaastu

https://bsds.org/ne/news/119/28-01-2012

# 04.06.2011

जेठ २१, २०६८ (04.06.2011)




1. Amarvati bhuvan rup jastei sunyata ra moksha ma leen hona sakosh sansar.

2. Chandrama ko mahur jyotirmaye prakash jaste siddhanta chhaye raho sansar.

3. Surya ko tejasvi-jyotirmaya prakash jaste nipurn bhayi gyan laye chhao sansar.

4. sankhako dhvani jaste gunchi rah dharma ko sansar.

5. Bajradaar jaste kathor hosh atma paratma, anatma maitreya ko sansar.

6. Ashtakamal ko phul jaste prativimbit ruple chhao sila, pragya, samadhi ko sansar.

7. Yas vishudda margadarshan khojma sakshat Maitreya Nath ra AryaTara ko sil, samadhi, pragyama nirantar bhayi Sansara bhari mukti ra mokshya ko margadarshan garirahanechhu.

8. Yadi sansar ma mukti ra Mokshya ko margadarshan garaunda lok-hitartha ra parivartan nabhaema, dharma sansar matra nabhayi jiv praakirtik manav bich samma parivartit parivartanko huri aunechha.

9. Chhingur sansar ma jaba dharmako chhya hundai janncha, taba sansarle ashanti, kalaha, samudayik beechma sampradaya ko rupale dharma ko naam line, jaati-paati ko naamle nichhbebahar garne, muktiko marga bata banchit garaune, yasta dharma shanti haruko pacchi lagnu tyo dharma hoina.

10. Tyesta dharma sampadayeko ruple byektitva swartha pura garne dharma ho.

11. Aaja yas punit karyale hami dharma sanghaharu ati khushi chhaun [].

12. Tyesari nai, Maitreya sadhbhav rakhi yashlai bevahariktama parivartan ra parimaarjan [] garaune chhu.

13. Ra Namo Buddha Tapoban Samrakshyan sangha, Bodhi Shravan Dharma Sanghaka Sangha Mitra ra Kalyan Mitraharule vabya swaagat ra khata arpan garaidinu hola.

14. Yesarinai Dharma Sangha, Sangha Mitra, Kalyan Mitra, sanghalai eutai... eutai bhavana gari dharmako samrakshyan garnu, bhandai dharmik bidaeka saathai dhammik dhanyavad didai.

15. Bhavatu sarva mangalam. Bhava astu tatastu.

https://bsds.org/ne/news/103/04-06-2011

# रतनपुर महा दर्शनमा गुरुको सन्देश

जेठ ६, २०६८ (20.05.2011)




अमरवती भुवन रूप जस्तै मोक्षमा विलीन हुन सकोस संसार ! चन्द्रमाको मोहर ज्योतिर्मय प्रकाश जस्तै शीतलताले छाईरहोस् संसार ! सूर्यको तेजस्वी ज्योतिर्मय प्रकाश जस्तै निपूर्ण भई धर्म ज्ञानगुणले छाओस संसार ! शंखको ध्वनी जस्तै गुञ्जिरहोस् धर्मको संसार ! वज्र जस्तै कठोरहोस् आत्मा, परमात्मा र अनात्मा मैत्रीयको संसार ! अष्टकमलको फूल जस्तै दिव्य स्मृति र सुगन्धले छाओस् शील, प्रज्ञा अनि समाधिको संसार !

हाम्रो विशुद्ध मार्ग दर्शनको खोजमा विश्वशान्ति र समस्त जगत प्राणीको जिवीत उद्धार गनेर् लक्ष्यको साथमा छैठौं वर्ष सम्पन्न भइसकेको छ । आजको यस शुभ क्षण दुर्लभ पुण्यवान दिन पनि छ । यो कलिकालको चक्रव्यूहको संसारमा रुमलिएर भौंतारिरहने परिस्थिति संसारको परिवर्तित रूप पनि हो । युगीन परिस्थितिले प्रभावित भएको संसारलाई महा मैमैत्री नाथको मैत्री करुणा भावले जगाउने छु । यो कुरा संसारलाई थाहा छैन । महा मैमैत्री मार्गगुरु यो संसारमा चार पटकसम्म आवगमन हुनुभएको थियो । तर यो संसारको निमित्त वाणी मात्र छाडेर जानुभयो । आज भन्दा पैतिस हजार वर्ष पहिले उहाँको शील, प्रज्ञा र समाधिको कारण हजारौं बोधिसत्व भइसकेका थिए ।

हजार वर्ष पछि दुई दिदीबहिनीको जन्म भएको थियो । त्यस समयमा दिदीले बोधिसत्व रूप लिइन भने बहिनी रिद्धि चमत्कारी संसार नष्ट गराउने थिइन् । ती दुई दिदीबहिनीको नाम बोधि श्रवण र मोहिमा थियो । फेरी साक्य कुलमा पूर्व समाधिस्थको फलले सिद्धार्थ गौतम बुद्धको जन्म भई सिद्धार्थ गौतम बुद्ध पूर्व ध्यानको खोजमा फेरी

एकाग्रता हुँदै गृह त्याग गरें ।

पूर्व ध्यानको अनुक्रमले गर्दा पूर्वज्ञान सिद्ध भई संसारलाई शील, प्रज्ञा र समाधि फेरी अनुष्ठान गरे । अन्तिम निर्वाण प्राप्त गनेर् समयमा समाधिस्थ हुँदा साक्षात महा मैमैत्री मार्गगुरुको दर्शन पाउनुभएको थियो ।

आज भन्दा दुई हजार वर्ष पहिले म यस भूमिमा नै थिएँ । त्यस समय म एकान्तमा ध्यान गरेर बसिरहेको थिएँ । त्यो समय अति क्रुर सङ्क्रमण अवस्था थियो । त्यस अवस्थामा हत्या गरिदियो । त्यस ध्यानस्थ अवस्थामा रहेको हुनाले अन्तिम पचहत्तर दिनमा मात्र मृत्युको आभास पाएँ । यसरी संसारको निमित्त उद्धार गनेर् लक्ष्य दुई हजार वर्षसम्म त्यो आत्मा भौंतारिएर पीडा भई बिजुली चम्केको आवाज आई अनि आमाको कोखबाट जन्म सिद्ध भइसकेछु ।

जन्मना साथ तिमी ध्यानमा जाउ न, कताकता स्मरण भइरहेको थियो । आमाको काखी मायाको स्पर्शले भुलिदोरहेछ संसार । ६÷७ वर्षपछि स्मरण हुँदैगयो । एक दिन सेतो वस्त्र धारण गर्नुभएको एक महापुरुष आई वचन दिनुभयो ।

दिन प्रतिदिन पूर्व ध्यानको जानकारी हुँदैगयो । जब ८÷९ वर्षको उमेरमा एक चमत्कार दृश्य उत्पन्न भयो । गाउँ भन्दा अलिपर रतनपुर एक घर परिवारबाट मुर्दा जलाउन ल्यायो । साथी संगतको हुलमा खेलिरहेको अवस्थामा थिए । अचानक मेरो दृष्टि जलिरहेको चितामाथि प¥यो । त्यो चिताको लास मुर्दाबाट एक तेजस्वी ज्योतिर्मय प्रकट भई आकाश छेडीरहेको दृश्य देखाप¥यो । त्यो ज्योतिर्मय प्रकाश हरियो र पहेँलो रङ्गको थियो ।

त्यो अवस्था देखि दिनदिनै पूर्वज्ञानको स्मरण हुनलाग्यो । त्यो चितामाथिको तेजस्वी ज्योतिर्मय प्रकाशको कारण मृत्यु भएपछि यसरी नै मानव आत्मालाई मुक्ति प्राप्त हुन्छ भन्ने चिन्तनमय आभाष हृदयमा बढ्नथाल्यो । त्यसपछि झन्झन् पूर्व ध्यानको स्मरण हुँदै तेजस्वी ज्योतिको कारण विस्तारै एकान्त र एकाग्रता ठाउँको आवश्यक हुनथाल्यो ।

पूर्वज्ञान स्मरणको कारणले सातौं चक्रबाट शुरु भई ब्रåचक्रसम्म पुगेर क्लेश र मारलाई नष्ट गरि अदृश्य ज्योतिहरू शरीरमा प्रवेश भयो । त्यस अवस्थामा जल, वायु, पृथ्वी, आकाश र सूर्यको समागम तŒव समाधिबाट लिनसक्ने भएँ । अनि शरीरको चलायमान गति विस्तारै पहिलो अवस्था भन्दा ढिलो हुँदैगयो ।

दश महिनाको लामो समयसम्म एउटै आसन गरि बस्दा जमीनको चिसो, झरीबादलको पानी, जाडो मौसमको शीतलहर, शरीरमा हेर्दा पातलो कपडा, पछाडी फकेर्र हेर्दा विस्तारै धमिरोले खादैपो आएछ । शरीर चलाउन खोज्यो पूरै शरीर खुम्चिएको छ । शरीर छुँदा पनि थाहा नहुने भएछ । गर्मी के ? चिसो के ? मेरो तपश्चर्यालाई पूरै संसार अविश्वासको घेराभित्र रहेको थियो । यो मेरो दिनचर्या संसारलाई पन्न मुस्किल भयो ।

आज पनि अविश्वासका पात्रहरू निकै नै देखिरहेको छु । अब जोकोही अन्तर मैत्रीय बुझाइसम्म पुगेको हुन्छ । ऊ

आशावादी र सत्य नै हुनेछन् । जो गलत रूपले प्रायाश्चित गर्छ ऊ निराशावादी नै हुनेछ । महायान धर्म कायको खोजमा मेरो यो शरीर नै रहेन भने यो संसारलाई के सन्देश दिन सक्छु र ? भन्दै संसारको निमित्त पाएको ज्ञानमा भावविह्वल गर्दै ध्यानमा बसिरहँदा साँझपख आकाश वाणी भयो । 'हे तपस्वी मुनी तिम्रो मृत्यु हुँदैछ, उठ ! उठ !! उठ !!!' भनी वाणी आइरहेको थियो ।

तत्काल ध्यान दृष्टिले हेर्दा साक्षात भगवानको दिव्यदृष्टि भई आँखाबाट हरियो र पहेँलो ज्योतिर्मय प्रकाश आइरहेको थियो । त्यो ज्योति शरीरमा प्रवेश हुँदा अग्निशक्ति प्रकट भयो । त्यसपछि केही असन्तुष्ट व्यक्तिहरूले क्षीण भएको शरीरमा आक्रमण गर्ने तयारी गरे ।

क्षीण भएको शरीरको स्मरण सोच परिवर्तन हुँदैगयो । पहिलो स्थानबाट दक्षिणतर्फ लागें । त्यहाँबाट एकाग्रता स्थान खोज्ने क्रममा पुराना संरक्षण गर्ने समूहको स्मरण भयो । अनि दुःख दिनुहुन्न भनि दक्षिणपट्टि पयँरको रुखमा बिहानीपख पर्खि बसें । बिहान ८÷९ बजेतिर ७ जनाको टोली उराठलाग्दो जंगलभित्र, त्यो विश्वास र श्रद्धाले पखालिएका मन सँगै आँखाबाट आँसु लिइ भेट्न आइपुगे ।

यी सात जना पहिले जन्मका धर्मचारीकाहरू थिए । विश्वास र श्रद्धाले पखालिएका मन, आँखाबाट आँसु लिइ ७ जना हामीबाट के कमी भयो ? भनी मैत्री करुणा भावना प्रकट गर्न थाले । सबै कुरालाई छोडी सम्झाइबुझाइ आफ्नो मार्ग दर्शनको खोजमा अघि लागें ।

त्यहाँबाट लामो यात्रा गर्दै ९ दिनसम्म जागृत ध्यानमा रहेर अघि बढ्‌न गएँ । जंगलमा हात्ती, बाघ, मृग, हरिण, चितुवा, जरायो, खरायो, भालु, जंगली घोडा, बाँदर, मयूर अन्य चराचुरुङ्गी र वनस्पतिको साथ खोलानाला पार गर्दै एउटा चितवनको बिचबाट नदि बगिरहेको रहेछ । त्यो नदी रात्रीको समयमा पार गरि दक्षिणतर्फ जादैगर्दा ध्यान अवस्थामा 'हे बाल मुनि तिमी आफ्नो शरीरको ख्याल राख, तिमी नै हुँदैन भने अब धर्मका रूपहरू विलीन हुँदैजानेछन् ।' त्यो दिव्यवाणी सुनी आफ्नो मार्गमा अविचल रहँदै फेरी हलखोरिया फर्के ।

हलखोरिया आइपुगेपछि मैले ६ वर्षसम्म नखोज्नु भनिसकेको थिएँ । तर मलाई निर्लज्ज भई हलखोरियाको उत्तरपूर्व सानो एउटा पहाडभित्र ओडार भेट्टाएँ । ओडारभित्र तीन महिनासम्म न हावा न पानी न सूर्यको ताप, त्यस अवस्थामा एउटा सिकारी जनावरको खोजीगर्दै आएछ । उसले त्यो खोडार देखेछ । विचरा सिकारी ! जनावरको मासुको लालचमा बाहिर बसेर कराइरहेको थियो । 'को हो हँ ? मान्छे हो कि जनावर हो ?' यस्तै शब्दले तीन चोटिसम्म करायो । अनि ओडारबाट विस्तारै हात निकालें । शिर पनि देखाएँ । विचरा सिकारी ! जनावर प्रति, मासुको तृष्णा र लालचमा परोस भनी उठें । अनभिज्ञ सिकारी र संसारको दुःख बुझेर सर्वहित र वन्यजन्तु तथा वनस्पति संरक्षणको लागि सर्वमैत्री ध्यान गरें ।

हलखोरियामा कल्पवृक्ष वरको रुख, बाघजोरको सिन्दुर◌ेको बोटको फेदमा बसी आत्मा, शर◌ीर र वचनलाई सांसारिक दृष्टिगमन गर्दा हजार◌ौं भाव दर्शन एवम् ध्यान दर्शन हलखोरियाको कल्पवृक्ष बाघजोरको रमणीय जंगलमा सांसारिक बोध गनेर् नाना आसान धर्मका अपार सुख ज्ञानहरू प्राप्त गरें ।

यो Ôीण सरह भएको शर◌ीर, त्यो कालो मडारिएको वायुमण्डल भित्र सुनसान र◌ात एकान्त हलखोरियाको कालो बादलको जरीमा आत्म र परमात्मा बिच लीन भइरहेको अवस्थामा साक्षात महा मैमैत्री मार्गगुरुको दर्शन पाएको थिएँ ।

उहाँको साक्षात दर्शन र वचन यस पृथ्वी लोकलाई अहिले नै भन्न मिल्दैन । बौद्धिक हाम्रो एउटा पञ्चतŒव शर◌ीर भएरपनि मैत्री भावनामा डुबुल्की खेल्दै समागममा सार◌ा विश्वलाई एउटै भावनामा मैत्री करुणा विस्तार गरिजाने ईच्छा छ ।

आत्मा, शर◌ीर र वचनलाई सांसारिक दृष्टिगमन गर्दा विश्वशान्ति महा–मैत्रीय प्रणिधानलाई संसार भर◌ी सर्वजगत प्राणी र वनस्पतिको संरक्षण एवम् कल्याण हेतु सम्पूर्ण ब्रá◌ाण्डमा सत्य ज्ञानलाई शील, समाधि र प्रज्ञाद्वार◌ा श्रवण गर◌ाउनेछु । यस मैत्रीय सन्देशका साथ सम्पूर्ण विश्वमानवलाई अन्तरात्माको क्लेश मुक्त गर्न आठवटा शीलहरू बताउनेछु ।

१मानवले मानवलाई धर्म, जाति, वर्ण र लिङ्गको रूपलिइ भेदभाव नगर्नु ।
२धर्मलाई यो धर्म ठूलो त्यो धर्म सानो भनी अवहेलना नगर्नु ।
३भेदभावपूर्ण दार्शनिक सिद्धान्त वा नीतिलाई नअपनाउनु ।
४र◌ाष्ट्रलाई यो शत्रुको राष्ट्र र त्यो मित्रको र◌ाष्ट्र भनी नसोच्नु र भेदभावपूर्ण व्यवहार नगर्नु ।
५सत्यलाई असत्य र असत्यलाई सत्य बनाउने दुष्प्रयास त्यागी बढाइचढाइ बोल्नु, दोषार◌ोपण र अवमूल्यन गर्न त्याग्नु ।
६दश अकुशल कर्महरू र अन्य पाप कहिल्यै नगर्नु ।
७शील, समाधि र प्रज्ञाको अभ्यास गदेर् समाज अनि र◌ाष्ट्रको सेवामा जीवन समर्पित गर्नु ।
८सम्यक् सम्बुद्ध प्राप्त गर्नु वा आफू र अरुको निमित्त मोक्ष प्राप्ति गर्नु ।

यस ब्रá◌ाण्डमा यीनै मैत्रीय अष्टशीललाई पालना गर्नसकेमा स्वर्ग युगमा भूमन्त्र भई देवभूमि सुखवती लोक जस्तै हुँनेछ । सम्यक् सम्बोधि ज्ञान शील र समाधिबाट नै प्राप्त हुन्छ । भौतिक सुखसुविधाले मात्र मानवको जीवनमा मुक्तिको मार्ग पाउन सक्दैन ।

शील अथवा नियम पालना गर्नु भनेको सांसारिक विषयवस्तु र जन्ममरणको चक्रबाट मुक्ति पाउनु हो । र, धर्मको नाममा ऋद्धि तथा चमत्कार देखाउनु भनेको धर्मको नियम विपरित हो । धर्मको नियम त्यो हो, जुन प्राणी यस सांसारिक दुःखबाट मुक्त हुन सकिरहेको छैन, त्यस्तो प्राणीलाई मुक्तिको मार्ग देखाउनु धर्मको नियम हो ।

दुःख, भय अनि त्रासरहित बोधिचर्या दिव्यचक्षु, विशुद्ध चित्त स्वात्मज्ञान र सर्वमैत्री महा करुणा भाव बोधिचित्त नै अस्तित्वगत निर्विकल्प परम महा–चेतन भावशक्तिको दर्शन हो । जो सांसारिक जगत प्राणीको लागि समर्पित भई समर्पण गर्छ । जहाँ समाधि रूप लिन्छ, त्यहाँ पूर्णतः धर्म छ ।

जसले यो संसारमा मैत्री अन्तर्भावसम्म छुन्छ । जसले परमात्माको समागममा रहि समाधिको अमृत पिउछ । जसले अन्तरात्ममा मैत्री प्रज्ञाको ज्योति बाल्छ । संसारलाई महा मैमैत्री मार्गगुरुको मैत्री ज्ञान र भाव सांसारिकद्वारा खुलाउँछ । साक्षात् उहाँहरू नै सत्पुरुष, महापुरुष र बुद्धपुरुष हुन् । मानव जीवन सारा अस्तिŒव जहाँ सदा छ, त्यहाँ जीवनको पूर्णरूप नै धर्म हो । धर्मको पूर्णरूप नै अस्तित्वगत परम महा–शान्ति हो । अस्तित्वगत परम महा–चेतन भाव दर्शन नै सम्बोधि हो । महा सम्बोधि शाश्वत परमानन्द सर्वमैत्री भावनाको अटुट प्रवाह भइरहनु हो । सम्बोधि ज्ञानभित्र परम शान्तता र शीतलता छ । स्वर्ग लोक प्राप्तिको मोक्ष छ ।

सर्वमैत्री मंगलम् अस्तु तथास्तु ।

https://bsds.org/ne/news/91/ratanpur-maha-darshanma-guruko-sandesh